नेपाल सरकार

# महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय

सिंहदरबार, काठमाडौं, नेपाल

फोन नं :४२०००८२/४२००४११/४२००४०८

फ्याक्स :४२००११६

इमेल info@mowcsc / io@mowcsc.gov.np

वेभसाईट www.mowcsc.gov.np

पत्र संख्या :

चलानी नं :

## प्रेस विज्ञप्ति

आज मिति २०८२ जेठ १६ गते सातौं राष्ट्रिय महिला अधिकार दिवसको मूल समारोह महिला, वालवालिका तथा ज्येष्ठ नागरिक मन्त्री माननीय नवल किशोर साह सुडीको अध्यक्षतामा "महिला अधिकारको सम्मानः आत्मनिर्भरता हाम्रो अभियान" भन्ने नाराका साथ नेपाल पुलिस क्लवको सभाहल प्रदर्शनीमार्ग, काठमाडौंमा सम्पन्न भयो। उक्त समारोहमा महिला तथा सामाजिक मामिला समितिका माननीय सभापति तथा सदस्यहरु, संवैधानिक निकायका प्रमुख तथा पदाधिकारीहरु, प्रतिनिधि सभा तथा राष्ट्रिय सभाका माननीय सदस्यहरु, नेपाल सरकारका सचिव/सहसचिवहरु, गैरसरकारी संघसंस्था तथा विकास साझेदार लगायत सवै सरोकारवाला निकायका प्रतिनिधिहरुको उपस्थिति रहेको थियो ।

सातौं राष्ट्रिय महिला अधिकार दिवस, मूल समारोहको अवसरमा महिला, वालवालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयका सचिव श्री लक्ष्मी कुमारी वस्नेतले उपस्थित सम्पूर्ण अतिथिहरुलाई स्वागत गर्दै कार्यक्रमको उद्देश्यमाथि प्रकाश पार्नुभयो ।उक्त कार्यक्रममा नेपाल ल क्याम्पसका उपप्राध्यापक डा. विष्णु वस्यालले "महिला अधिकारको अवस्था र कानूनी व्यवस्था" सम्वन्धमा कार्यपत्र प्रस्तुत गर्नुभयो। राष्ट्रिय समावेशी आयोगका कार्यवाहक अध्यक्ष माननीय हरि दत्त जोशीले महिलालाई अधिकार सम्पन्न वनाउनका लागि आत्मनिर्भर वनाउनु जरुरी रहेको विचार व्यक्त गर्दै महिलाको अधिकारका लागि महिला स्वयं जागरुक हुनुपर्ने वताउँदै शुभकामना मन्तव्य व्यक्त गर्नुभयो ।राष्ट्रिय महिला आयोगका कार्यवाहक अध्यक्ष माननीय कृष्ण कुमारी पौडेल खतिवडाले महिला अधिकार सुनिश्चितताका लागि कानूनको शासन कायम गर्नुपर्ने कुरामा जोड दिनुभयो ।साथै वहाँले छोरीलाई शिक्षा तथा आर्थिक रुपले सवल वनाउनुपर्ने विचार व्यक्त गर्दै शुभकामना मन्तव्य राख्नुभयो ।महिला तथा सामाजिक मामिला समितिका सभापति माननीय किरण कुमार साहले जननिर्वाचित प्रतिनिधिहरुको ३३ प्रतिशत सिट कम भएको वताउँदै यसलाई ५० प्रतिशत वनाउनुपर्ने विचार व्यक्त गर्नुभयो ।साथै वहाँले महिला अधिकारका लागि निरन्तर रुपमा लागिरहने प्रतिवद्धता समेत व्यक्त गर्नुभयो ।

कार्यक्रमका अध्यक्ष तथा महिला, वालवालिका तथा ज्येष्ठ नागरिक मन्त्री माननीय नवल किशोर साह सुडीले विगतको तुलनामा महिलाको अवस्थामा सुधार भएको र महिलाले संवैधानिक हक अधिकारको उपभोग गरिरहेको अवस्थालाई औंल्याउँदै समानताको अधिकार सवैको अधिकार हो भन्ने धारणा प्रस्तुत गर्नुभयो । साथै वहाँले संविधान तथा कानून प्रदत्त अधिकार प्राप्तिका लागि स्वयं महिलाहरु जागरुक भई निरन्तर खवरदारी गर्नुपर्ने विचार व्यक्त गर्नुभयो । महिला अधिकारका लागि कुरा मात्र गरेर हुँदैन परिणाममूलक काम गरेर देखाउनुपर्ने वताउँदै कार्यक्रममा उपस्थित सम्पूर्ण सहभागीहरुलाई धन्यवाद व्यक्त गर्दै कार्यक्रमको समापन गर्नुभयो ।

मितिः २०८२/०२/१६

चक्रवहादुर वुढा

प्रवक्ता/सहसचिव